नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

फोन नं. ०१०-५४०१३१/१३३
०१०-५४०१३२(प्र.जि.अ.)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google Map: 476W+J6F

बागमती प्रदेश

प.सं.: ०८२/८३
च.नं.: ६९

# प्रेस-नोट

प्रेस-नोट नं. १०,
प्रकाशन मितिः२०८२।०४।१४,

उत्तरी छिमेकी राष्ट्र चीनतर्फबाट मिति २०८२।०४।१४ गते अन्दाजी बिहान २:०० बजे रसुवागढी नाका भई नेपाल प्रवेश गर्ने भोटेकोशी नदीमा आएको बाढीका कारण भएको क्षतिको प्रारम्भिक विवरणः-

१. मिति २०८२।०३।२४ गतेको बाढीका कारण क्षतिग्रस्त भई अस्थायी रुपमा सञ्चालनमा आएको स्याफ्रुवेशी-रसुवागढी सडकखण्ड मिति २०८२।०४।१४ गतेको बाढीका कारण मेदामुदुङ, कुलुङ, लिङलिङ, तातोपानी, टिमुरे, घट्टेखोला, भन्सार यार्ड प्रवेशद्वार र नेपाली सेनाको चेकपोष्ट नजिक गरी ८ वटा स्थानहरूमा करिब ५४० मि. क्षति पुग्न गई पुनः पूर्ण रुपमा अवरुद्ध भएको।

२. स्याफ्रुवेशी-दोभान सडकखण्ड अन्तर्गत लाङटाङ जलविद्युत आयोजना प्लाण्ट नजिक बाढीका कारण बाटो कटान भई सडक मार्ग अवरुद्ध भएको।

३. मिति २०८२।०४।१४ गतेको बाढीले गोसाईकुण्ड गाउँपालिका २ टिमुरेस्थित भन्सार यार्डमा थप कटान गरेको र यार्डको दक्षिण तर्फ रहेको सानो घर र सँगै रहेको धर्मकाँटा समेत बगाएको।

४. गोसाईकुण्ड गाउँपालिका २ टिमुरेस्थित भन्सार यार्डको पारी पट्टी रसुवागढी जलविद्युत आयोजनाको आवास क्याम्पको वर्कसपमा मिति २०८२।०३।२४ गतेको बाढीले बालुवामा पुरिएको अवस्थामा रहेका Ford पिकअप २ वटा मिति २०८२।०४।१४ गतेको बाढीले बगाएको।

५. गोसाइकुण्ड गाउँपालिका २ तातोपानीस्थित भोटेकोशी नदीमा अवस्थित रसुवागढी हाइड्रोपावर जाने पुल र कालिका गाउँपालिका १ र उत्तरगया गाउँपालिका १ जोड्ने त्रिशुली नदीमा अवस्थित पक्की पुलको दुवै तर्फको प्रोटेक्सन ग्याबिन/वाल बाढीका कारण भत्किन गई उक्त दुबै पुल जोखिमको अवस्थामा रहेको।

६. गोसाइकुण्ड गाउँपालिका ५ रुङ्गा पुल नजिकै काठले बनेको जस्ताको छानो भएको चार वटा टहरा बाढीले बगाएको।

७. मिति २०८२।०३।२४ गतेको बाढीबाट समेत प्रभावित भएका त्रिशुली 3A जलविद्युत आयोजना र त्रिशुली 3B आयोजनाको हव स्टेशनमा मिति २०८२।०४।१४ गतेको बाढीले थप क्षति हुन पुगेको।

८. मिति २०८२।०४।१४ गतेको बाढीका कारण जिल्लाभित्र मानवीय क्षति नभएको।

मितिः २०८२।०४।१४ गते, बुधबार,
ने.सं.११४५।

(द्रुव प्रसाद अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी